# रुपा गाउँपालिका कास्की

गण्डकी प्रदेश, नेपाल

# रुपा गाउँपालिका कास्कीको राजपत्र

## गाउँ कार्यपालिकाको कार्यालयबाट प्रकाशित

खण्डः २ संख्याः २० मितिः २०७५/११/०३

### भाग २

### रूपा गाउँपालिका कास्कीको आर्थिक सहायता प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७५

प्रस्तावना :

रूपा गाउँपालिका कास्कीमा रहेका गरिब, दलित, अनाथ लगायतका ब्यक्तिहरु विभिन्न रोगहरुबाट ग्रसित भएमा, दुर्घटनामा परेमा, जटिल रोगका कारण सल्यक्रिया गर्नु पर्ने भएमा, बिभिन्न कारणहरुले जनधनको क्षति भएमा सामाजिक क्षेत्रमा क्रियाशील संघ, संस्था तथा ब्यक्तिहरुलाई सहायता प्रदान गर्ने विषयलाई व्यवस्थित गर्न वाञ्छनीय भएकाले,

रूपा गाउँपालिका कास्कीको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ बमोजिम रूपा गाउँपालिका कास्कीको मिति २०७५।१०।२९ गाउँसभाबाट यो कार्यविधि स्विकृत गरेको छः

## परिच्छेद-१

## संक्षिप्त नाम र प्रारम्भ

१ यो कार्यविधिको नाम रूपा गाउँपालिका कास्कीको आर्थिक सहायता प्रदान गर्ने सम्बन्धी  कार्यविधि, २०७५ रहेको छ ।

२. यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखी लागु हुनेछ ।

३. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा।

क) “अध्यक्ष” भन्नाले रूपा गाउँपालिका अध्यक्षलाइ सम्झनुपर्दछ ।

ख) “सहायता” भन्नाले रूपा गाउँपालिका कास्कीको अध्यक्षस्तरीय निर्णयअनुसार प्रदान गरिने नगद तथा जिन्सी सहायतालाई सम्झनु पर्दछ ।

ग) “कार्यपालिका” भन्नाले रूपा गाउँपालिका कास्कीको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

घ) “कार्यालय” भन्नाले रूपा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ङ) “गाउँपालिका” भन्नाले रूपा गाउँपालिका कास्की लाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

## आर्थिक सहायता सम्बन्धी मापदण्ड

१) रूपा गाउँपालिका कास्कीले प्रदान गर्ने आर्थिक सहायताको मापदण्ड देहाय वमोजिम हुनेछः

क) दुर्घटनामा सहायता मापदण्डः गाउँपालिका स्थायी बासिन्दा रहेको कुनै पनि व्यक्ती दुर्घटनामा परी अंगभंग भई तत्काल उपचार गराउनु पर्ने अवस्था भएको, तर गरिबी र विपन्नताका कारण पारिवारिक आर्थिक स्रोत नभएको अवस्थाका व्यक्तिलाई अवस्था हेरी एक पटकमा ५ हजार देखि १ लाख सम्म अध्यक्षस्तरीय निर्णयानुसार उपलब्ध गराउन सकिनेछ ।

ख) काज किरिया खर्चः गाउँपालिकाको बासिन्दा रहेको कुनै व्यक्ती प्राकृतिक प्रकोप, महामारीजन्य घटना लगायत अन्य जुनसुकै कारणबाट मृत्युवरण गरेको अवस्थामा गरिबी र विपन्नताका कारण पारिवारिक आर्थिक स्रोत न्यून भएको अवस्थाका व्यक्तिलाई अवस्था हेरी निजको आश्रित परिवारमा काज किरिया वापत

रू ५ हजार देखि रू ५० हजार सम्म अध्यक्षको निर्णय अनुसार उपलब्ध गराउन सकिने छ ।

ग) दीर्घरोगीमा सहायता मापदण्डः गाउँपालिकाभित्र स्थायी बासिन्दा रहेका विशेष प्रकृति मध्ये मृगौलामा समस्या आइ नियमित डाइलोसिस गर्नुपर्ने अवस्थाका, मुटु सम्बन्धी रोग लागेका, क्यान्सर लगायतका बिभिन्न दीर्घ रोगबाट ग्रसित भएको अवस्थामा गरिबी र विपन्नताका कारण पारिवारिक आर्थिक स्रोत नभएको, उपचार गराउन नसकी समस्यामा परेको व्यक्तिलाई अवस्था हेरी एक पटकमा १० हजार देखि १ लाख सम्म अध्यक्षको तोक आदेशबाट उपलब्ध गराउन सकिने छ । तर सो भन्दा बढी ५ लाख सम्म सहयोग गर्नुपर्ने अवस्था आएमा गाउँ कार्यपालिका बैठकको सिफारिसका आधारमा गाउँसभाको निर्णय अनुसार अध्यक्षको तोक आदेशबाट दिन सकिनेछ ।

घ) पशुपन्छी र घरबास क्षतिमा आर्थिक सहायताः गाउँपालिकाभित्रका स्थायी बासिन्दाहरु विपद्जन्य घटना, प्रकोप, महामारीका कारण पशुपन्छी र घरबासमा हुने वा हुन सक्ने क्षति न्युनीकरण गर्न वा सो घटनाबाट हुने पशुपन्छीको मृत्यु र मानव बसोबास गरिरहेको आवास क्षेत्रमा क्षति पुग्न गएकोमा गरिबी र विपन्नताका कारण पारिवारिक आर्थिक स्रोत नभएको, तत्काल पुनर्निर्माण गराउन नसकी समस्यामा परेको व्यक्तिलाई अवस्था हेरी एक पटकमा ५ हजार देखि १ लाख सम्म अध्यक्षको तोकआदेशबाट उपलब्ध गराउन सकिने छ ।

ङ) संघ, संस्था, संगठन सहयोग मापदण्डः गाउँपालिकामा दर्ता भएका, सूचिकृत भएका र गाउँपालिका क्षेत्रको हित अनुकुल हुने गरी दर्ता भएका क्लब, समूह, संजाल र महासंघ लगायतका गैरनाफामूलक प्रकृतिका संघ, संगठनले आयोजना गरेका सामाजिक कार्यहरुमा

प्रस्तावका आधारमा, तथा सूचनामूलक सामाग्रीहरु प्रकाशन तथा प्रशारण गरेबापतको खर्च अध्यक्षको तोकआदेशबाट देहाय वमोजिम आर्थिक सहायता प्रदान गरी सहकार्य गरिने छ । तर उक्त कार्यक्रमबाट कास्की जिल्ला तथा गाउँपालिकाको पर्यटन प्रबर्द्धन गरेर विकास निर्माण लगायतका क्षेत्रमा सकारात्मक प्रभाव पार्ने हुनुपर्ने छ । क्लव तथा संघ संस्थाहरूको आन्तरिक र नियमित कार्यमा आर्थिक सहयोग प्रदान हुने छैन ।

- गाउँपालिकास्तरमा संघ संगठनले आयोजना गरेको विशेष कार्यक्रमका लागी कार्यक्रम हेरी एक पटकमा रु. ५ हजार देखि १ लाख सम्म प्रदान गरिने छ।
- जिल्ला स्तरीय संघ संगठनले आयोजना गरेको कार्यक्रममा कार्यक्रम हेरी एक

पटकमा रु ५ हजार देखि १ लाख सम्म प्रदान गरिने छ ।

- प्रदेश स्तरका संघ संगठनले आयोजना गरेको कार्यक्रममा कार्यक्रम हेरी एक पटक रु. ५ हजार देखि १ लाख सम्म प्रदान गरिने छ ।
- केन्द्र स्तरको संघ संगठनले आयोजना गरेको कार्यक्रममा कार्यक्रम हेरी एकपटक रु. ५ हजार देखि १ लाख सम्म प्रदान गरिने छ ।
- विशेष योगदान मापदण्ड तथा फरक क्षमता भएका व्यक्ति तथा समूहलाई दिइने सहयोग यस जिल्ला तथा देशभरमा ख्याती कमाएका, विज्ञान तथा खोज अनुसन्धानमा विशेष योगदान दिन सक्षम भएका साहित्य तथा कला क्षेत्रमा योगदान पु-याउनका तथा फरक क्षमता भै आर्थिक समस्यामा रहेका व्यक्ति तथा

समूहलाई अवस्था हेरी स्वीकृत चिकित्सकको सिफारिसपत्र वा प्रेष्किप्सन, वडा कार्यालयको सिफारिसमा अध्यक्षको तोकआदेश बमोजिम बढीमा रु. ५० हजार सम्म आर्थिक सहायता दिन सकिने छ ।

- उल्लिखित आर्थिक सहायताको अतिरिक्त यस्ता प्रकृतिका घटनाहरुमा गाउँपालिकाबाट अन्य संघ संस्थाहरुसँग समन्वय गरी निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराएबापतको एम्बुलेन्स खर्च अध्यक्षको निर्णयअनुसार गाउँपालिकाबाट वढिमा रु २५ हजारसम्म व्यहोर्न सकिनेछ ।

(२) आर्थिक सहायताको भुक्तानीको लागि देहायबमोजिमको कागजातहरु पेश गर्नुपर्नेछः

क) निवेदकको व्यहोरा खुलेको निवेदन, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि/जन्मदर्ता

प्रमाणपत्रको प्रतिलिपि, विपन्न भएको भनि सम्बन्धित वडा कार्यालयको सिफारिसपत्र ।

ख) उपचारतको विरामीको हकमा अस्पतालमा भर्ना भएको तथा चिकित्सिकको प्रेस्क्रिप्सन/चेकजाँच गरेको कागजातहरुको प्रतिलिपिहरु ।

ग) विपद्जन्य घटनाहरुको हकमा प्रहरी मुचुल्का तथा मृत्यु भएको हकमा मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने ।

(३) आर्थिक सहायताको भुक्तानी माग गर्न संघ, संस्था, संगठनको आधिकारीक पत्र पेश भएको हुनुपर्नेछ ।

(४) गाउँपालिकाबाट उपलब्ध गराउने आर्थिक सहायता बापतको रकम चेक मार्फत उपलब्ध गराउनुपर्नेछ ।

(५) गाउँसभाले सालबसाली रूपमा विनियोजन गरेको बजेटको परिधिभित्र रही व्यक्ति, संघ संगठनलाई एक आर्थिक वर्षमा रू १ लाख भन्दा बढी नहुने गरी आर्थिक सहायता उपलब्ध गराइनेछ ।

(६) कार्यविधिको अधिनमा रही खर्च गर्ने गरी बार्षिक रुपमा निश्चित रकम गाउँसभाबाट विनियोजित बजेटको अधिनमा रहेर आर्थिक सहायता उपलब्ध गराउनु पर्नेछ, तर विपद्जन्य घटनाका कारण सिर्जना हुने वा हुन सक्ने प्रकोप न्यूनिकरणका लागि, महामारीको रूपमा फैलिएको भनि नेपाल सरकार वा प्रदेश सरकार वा गाउँ कार्यपालिकाको बैठकबाट घोषणा भएको अवस्थामा तत्काल बजेट विनियोजन गर्न नसकिने अवस्थामा अध्यक्षस्तरीय निर्णयका आधारमा तत्काल आबश्यक पर्ने विषयमा बढीमा रू ५ पाँच लाखसम्म खर्च गर्न सकिनेछ । यसरी भएको खर्च कार्यपालिका बैठकबाट अनुमोदन गर्नुपर्नेछ ।

## परिच्छेद - ४

## विविध

१) संघ संगठनहरुले गर्ने कार्यक्रममा सहयोग प्रदान गर्न सकेसम्म सम्बन्धित विषय क्षेत्रमा विनियोजित वजेट तथा कार्यक्रमबाट खर्च लेख्नु पर्नेछ । गाउँपालिकाबाट सहयोग/सहायता गर्नु पर्ने

कार्यक्रममा गाउँपालिकाको विनियोजित बजेटबाट सहयोग कार्यान्वयन गर्न सम्झौता/समझदारीपत्रमा हस्ताक्षर गरी सोका शर्तहरु बमोजिम गर्नुपर्नेछ ।

२) सहायता रकम यस मापदण्डमा उल्लेख भए भन्दा बढी भएमा गाउँसभा र कार्यपालिकाको वैठकबाट निर्णय अनुमोदन गरिने छ ।

३) यस कार्यविधिमा प्रचलित कानूनको प्रतिकूल नहुने गरी गाँउ कार्यपालिकाले सिफारिसको आधारमा गाउँसभाले संशोधन गर्न सक्नेछ ।

४) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आईपरेमा यसको बाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकामा रहने छ ।

मितिः २०७

श्रीमान गाउँपालिका अध्यक्षज्यू,
रुपा गाउँपालिका कास्की
गण्डकी प्रदेश नेपाल ।

बिषयः सहायता प्रदान गरिदिनुहुन ।

महोदय,

प्रस्तुत विषयमा रुपा गाउँपालिका कास्कीको तपसिल बमोजिमको कागजात र विवरण सहित गाउँपालिकाबाट प्राप्त हुने सहायताका लागी निवेदन पेश गर्दछुः

तपसिलः

निवेदनको नाम थरः ............ ................ ।

निवेदकको ठेगानाः रुपा गाउँपालिका कास्की वडा नं .... ....
गण्डकी प्रदेश नेपाल ।

विपद्को संक्षिप्त व्यहोराः ...... .................... ............।

विपद्को मितिः ........... .................. .................... ।

माग गरेको राहको विवरणः ..... .......... /गाउँपालिकाको निर्णयअनुसार ।

निवेदकको मोबाइल नं. ......... ..................... ।

निवेदकको जन्मदर्ता नं/नागरिकता नं. र जारी जिल्ला ।

संलग्न कागजातहरु:

विपद्को प्रहरी मूचुल्काः

विपद् प्रमाणित हुने फोटोहरु थान ................. ।

वडाको सिफारिसपत्र थान ................ ........ ।

जन्मदर्ता प्रमाणपत्र/नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि थान

अस्पताल तथा स्वास्थ्य संस्थाबाट प्रदान गरेको चिकित्सकको सिफारिसपत्र थान ............... ।

अन्य कागजतहरुः

१

२

३

निवेदकको हस्ताक्षर

आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत